THE SCHOOL DISTRICT OF PHILADELPHIA
OFFICE OF ACADEMIC SUPPORTS

**Office of Multilingual Curriculum & Programs**
Suite 251
440 North Broad Street
Philadelphia, PA 19130

# अंग्रेजी अध्ययनकर्ता प्रविष्टि सूचना

आदरणीय आमाबुवा/अभिभावक:

यो पत्र तपाईंलाई तपाईंको बच्चा, ________________________ विद्यार्थीको ID#________________________________________________________________ लाई ________________________________________ मा WIDA अंग्रेजी निपुणता स्क्रिनर जाँचसँग मूल्याङ्कन गरिएको थियो र ________________________________________ संयोजन अङ्क प्राप्त गर्नुभयो भनी सूचित गराउनको लागि हो। उक्त अनुसार, तपाईंको बच्चालाई अंग्रेजी अध्ययनकर्ता (English Learner, EL) को रूपमा पहिचान गरिएको छ र सामान्यतया दोस्रो भाषाको रूपमा अंग्रेजी (English as a Second Language, ESL) भनेर चिनिने भाषा निर्देशन शैक्षिक कार्यक्रम (Language Instruction Educational Program, LIEP) बाट सहायता प्राप्त गर्नुहुनेछ।

***LIEP*** को उद्देश्य भनेको तपाईंको बच्चालाई अंग्रेजी अध्ययन गर्नमा मद्दत गर्ने हो जसकारण उहाँ दैनिक पाठहरूलाई बुझ्न, विद्यालयमा सामाजिक रूपमा सहभागी हुन र ग्रेड प्रवर्द्धन र ग्रेजुएसनको लागि ग्रेड-उपयुक्त शैक्षिक मापदण्डहरूलाई पूरा गर्न सक्षम हुनुहुनेछ। ***LIEP*** बाट बाहिर निस्कन, तपाईंको बच्चाले पुन: वर्गीकरणको लागि पेन्सिलभानिया शिक्षा विभागको मापदण्डलाई पूरा गर्नुपर्छ। फिलाडेल्फिया स्कूल डिस्ट्रिक्टले कुन अंग्रेजी अध्ययनकर्ताका विद्यार्थीहरू पुन: वर्गीकरणको लागि योग्य छन् भनी निर्धारण गर्न वार्षिक रूपमा अंग्रेजी अध्ययनकर्ताहरूको समीक्षा गर्छ। तपाईंले पुन: वर्गीकरणको मापदण्डलाई पेन्सिलभेनिया शिक्षा विभागको वेबसाइट https://www.education.pa.gov/ मा गएर हेर्न सक्नुहुन्छ।

संघीय ***प्रत्येक विद्यार्थीको सफलता ऐन (ESSA)*** अन्तर्गत, केही विद्यार्थीहरूलाई उपलब्ध हुँदा पूरक सेवाहरू उपलब्ध गराउन सकिन्छ। यी सेवाहरूमा ट्युटरिङ, अनलाइन प्रोग्रामिङ वा विद्यालय पछिका र गर्मीका कार्यक्रमहरू समावेश हुन सक्छन्। ELs का अभिभावकहरूसँग यी सेवाहरूलाई अस्वीकार गर्ने अधिकार छ र तपाईंको बच्चाको ***LIEP*** को भाग हुनसक्ने निश्चित छुट्टै निर्देशनात्मक कार्यक्रमहरूलाई अस्वीकार गर्ने अधिकार पनि छ। तपाईंले सेवाहरूलाई अस्वीकार गर्न चाहनुहुन्छ वा ***LIEP*** बारे अन्य प्रश्नहरू छन् भने, बहुभाषिक पाठ्यक्रम तथा कार्यक्रम कार्यालय (Office of Multilingual Curriculum and Programs, OMCP) सँग बैठक निर्धारण गर्न आफ्नो विद्यालयको प्रधानाध्यापकलाई सम्पर्क गर्नुहोस्।

हामीले तपाईंको बच्चाको शैक्षिक उपलब्धिमा सहायता गर्नको लागि तपाईंसँग मिलेर कार्य गर्न जारी राख्ने अपेक्षा गर्दछौं।

भवदीय,

______________________________ ______________________________
जाँच व्यवस्थापकको नाम | जाँच व्यवस्थापकको शीर्षक

______________________________ ______________________________
जाँच व्यवस्थापकको हस्ताक्षर | मिति

THE SCHOOL DISTRICT OF PHILADELPHIA
OFFICE OF ACADEMIC SUPPORTS

**Office of Multilingual Curriculum & Programs**
Suite 251
440 North Broad Street
Philadelphia, PA 19130

**बारम्बार सोधिने प्रश्नहरू**

**1. मेरो बच्चाको अंग्रेजी प्रवीणता जाँच गर्नको लागि के-कस्तो वार्षिक मूल्याङ्कन प्रयोग गरिन्छ?**

तपाईंको बच्चाको अंग्रेजी प्रवीणता निर्धारण गर्नको लागि वार्षिक रूपमा ACCESS for ELs® मूल्याङ्कन प्रयोग गरिन्छ। यो मूल्याङ्कन हरेक विद्यालय वर्षको जनवरी र फेब्रुअरीको बीचमा गरिन्छ र अनलाइनमा वा कागज तथा कलमको माध्यमद्वारा यसमा सहभागी हुन सक्ने गरी यसको व्यवस्था मिलाइन्छ। विद्यार्थीले 1.0 - 6.0 (6.0 सबैभन्दा उच्च अंक हो) सम्मको अंक प्राप्त गर्छन्।

**2. ACCESS for ELs® मूल्याङ्कनमा वास्तवमै के कुराको जाँच गरिन्छ?**

तपाईंको बच्चालाई अंग्रेजी पढाइ, लेखाइ, बोलाइ र सुनाइ जस्ता कुराहरूमा मूल्याङ्कन गरिन्छ। यी क्षेत्रहरूलाई सामान्यतया "डोमेनहरू" भनिन्छ। हरेक डोमेनहरूले त्यस्तो अंक निर्माण गर्छन्, एकसाथ लिइएका, जसले समग्र मिश्रित अंक उत्पन्न गराउँछ, जसलाई तपाईंको बच्चाको अंग्रेजीको प्रवीणता स्तर पनि भनिन्छ। हरेक डोमेनमा सामाजिक अध्ययन, विज्ञान, गणित र भाषा कलाहरू सम्बन्धी प्रश्नहरू समावेश हुन्छन्।

**3. मलाई ACCESS for ELs® मा मेरो बच्चाले प्रस्तुत गरेको वार्षिक कार्यसम्पादनको बारेमा सूचित गराइनेछ?**

गराइनेछ, तपाईंलाई प्रत्येक विद्यालय वर्षको अन्तिमसम्ममा ACCESS for ELs® मा तपाईंको बच्चाले प्रस्तुत गरेको वार्षिक कार्यसम्पादनको बारेमा सूचित गराइनेछ। रिपोर्टलाई विद्यालयको फाइलमा रहेको ठेगानामा पत्राचार गरिनेछ वा तपाईंको बच्चासँग घर पठाइनेछ।

**4. मैले मेरो बच्चाले विद्यालय वर्षभरि अंग्रेजी प्रवीणतामा गरेको हासिल प्रगति बारे कसरी जान्न सक्छु?**

तपाईंले विद्यालय वर्षभरि तपाईंको बच्चाले शैक्षिक तथा सामाजिक रूपमा कार्यसम्पादन गरी रहनुभएको छ भन्ने बारेमा अन्तरिम रिपोर्टहरू प्राप्त गर्नुहुनेछ। आमाबुवा/अभिभावकहरूलाई पनि हरेक मार्किङ अवधिको अन्तिममा रिपोर्ट कार्ड सम्मेलनहरूमा सहभागी हुन प्रोत्साहन गरिन्छ। फिलाडेल्फिया स्कूल डिस्ट्रिक्टले विद्यालय वर्ष भरि तीन (3) रिपोर्ट कार्ड सम्मेलनहरूको प्रस्ताव गर्छ। कृपया यी मितिका लागि आफ्नो बच्चाको शिक्षकलाई भेट्नुहोस्।

**5. मेरो बच्चा कत्तिको छिटो अंग्रेजीमा निपुणता बन्न सक्छ र LIEP भन्दा बाहिर ट्रान्जिसन गर्न सक्ने अपेक्षा गरिन्छ?**

विभिन्न तत्त्वहरूले अंग्रेजी सिक्ने विद्यार्थीहरूको दरमा प्रभाव पार्छ। यिनीहरूले विद्यार्थीको मातृ भाषामा विद्यार्थीको उमेर, पहिलेका अंग्रेजी अनुभव र भाषा तथा साक्षरता सीपहरू समावेश गर्छन्। अंग्रेजीमा न्यून प्रवीणता भई विद्यालय प्रवेश गरेका विद्यार्थीहरूको लागि, लक्ष्य भनेको छ विद्यालय वर्ष भित्र प्रवीणता प्राप्त गर्ने हो। अंग्रेजी प्रवीणताको उच्च स्तर सुरु गर्ने विद्यार्थीहरूले छिटै अंग्रेजीमा प्रवीणता हासिल गर्नुपर्छ। यद्यपि, प्रत्येक विद्यार्थीको प्रगति अद्वितीय हुन्छ र शिक्षकहरूले अंग्रेजी सिकाइमा विद्यार्थीहरूको प्रगति निरीक्षण गर्दा विभिन्न कारकहरूमा ध्यान दिनुहुन्छ। हामीले आमाबुवाहरू/अभिभावकहरूलाई रिपोर्ट कार्ड सम्मेलनहरूको अवधिमा अंग्रेजी सिक्नेमा उहाँहरूको बच्चाको प्रगति छलफल गर्न वा उहाँहरूको बच्चाको शिक्षकसँग अपोइन्टमेन्ट निर्धारण गरेर प्रोत्साहन गर्छौं।

**Office of Multilingual Curriculum & Programs**
Suite 251
440 North Broad Street
Philadelphia, PA 19130

**6. मेरो बच्चालाई विद्यालयमा समस्या भइरहेको छ भने मैले कसलाई भेट्नुपर्छ?**

तपाईंको बच्चा सम्बन्धित सबै चिन्ताहरू आफ्नो बच्चाको शिक्षकसँग छलफल गर्नुपर्छ। शिक्षकको अनुपस्थितिमा, तपाईंले विद्यालयको प्रधानाध्यापकसँग पनि कुराकानी गर्न सक्नुहुन्छ। आफ्नो प्रधानाध्यापकको सम्पर्क जानकारी फेला पार्नको लागि, https://www.philasd.org/directory/school-directory/ मा जानुहोस्।

**7. मेरो बच्चालाई असक्षमता छ भने के गर्ने?**

तपाईंको बच्चालाई असक्षमता छ र अंग्रेजी अध्ययनकर्ता पनि हुनुहुन्छ भने, उहाँले अंग्रेजी भाषा सहायता र विशेष शिक्षा सेवाहरू दुबै प्राप्त गर्नुहुनेछ। यी सेवाहरू तपाईंको बच्चाको व्यक्तिकृत शिक्षा कार्यक्रम (Individualized Education Program) वा IEP मा अभिलिखित गरिनेछ र दोस्रो भाषाको रूपमा अंग्रेजी (ESL) व्यावसायिक समावेश गर्ने IEP टोलीद्वारा वार्षिक रूपमा समीक्षा गरिनेछ। अभिभावकहरू पनि यी वार्षिक IEP समीक्षा बैठकहरूमा उपस्थित हुनुपर्छ। साथै, तपाईंको बच्चाको IEP टोलीले तपाईंको बच्चाका आवश्यकताहरू अनुसार निर्देशनात्मक कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् भनी सुनिश्चित गर्न विद्यालय वर्ष भरि सहकार्यात्मक रूपमा काम गर्नेछ। फिलाडेल्फिया स्कूल डिस्ट्रिक्टको विशेष शैक्षिक सेवाहरू बारेमा थप जानकारीको लागि, कृपया आफ्नो विद्यालय प्रधानाध्यापकलाई सम्पर्क गर्नुहोस् वा https://www.philasd.org/specializedservices/ मा जानुहोस्।

**8. म मेरो बच्चाको विद्यालयमा कसरी थप सम्बद्ध हुनसक्छु?**

तपाईंको बच्चाको शिक्षामा सम्बद्ध हुने एउटा तरिका भनेको तपाईंको विद्यालयको विद्यालय परामर्श निकाय (School Advisory Council, SAC) हो। यो निकाय -- अभिभावक, शिक्षक, विद्यार्थी र समुदायको सदस्यहरूको समाविष्ट भएकोले -- विद्यालय सुधार योजना तथा निर्णय गर्नेसँग विद्यालय नेतृत्वमा मद्दत गर्छ। अनुवादन गरिएका कागजात र दोभाषे सेवाहरू सीमित अंग्रेजी प्रवीणता भएका सदस्यहरूका लागि उपलब्ध गराइन्छ; भाषा SAC को सहभागितामा बाधा हुनुहुँदैन। डिस्ट्रिक्टले विद्यालय वर्ष भरि सिटीको विभिन्न भागहरूमा "स्वागत गाडी" बैठकहरू पनि सुविधाजनक बनाउँछ। यी कार्यक्रमहरूको बारेमा थप जानकारीको लागि, कृपया परिवार र समुदाय करार (Family and Community Engagement, FACE) कार्यालयको वेबसाइट

https://www.philasd.org/face/ मा जानुहोस्।

**9. मैले थप जानकारी कहाँ फेला पार्न सक्छु?**

अंग्रेजी अध्ययनकर्ताहरूको अभिभावक हुन बारेमा थप जान्नको लागि,

https://wida.wisc.edu/teach/learners/engagement मा जानुहोस्। फिलाडेल्फिया स्कूल डिस्ट्रिक्टको बहुभाषिक पाठ्यक्रम तथा कार्यक्रम कार्यालय बारेमा थप जान्नको लागि, https://www.philasd.org/multilingual/ मा जानुहोस्।